संकट व्यवस्थापन केन्द्र (Crisis Management Center, CMC) भक्तपुरद्वारा प्रकाशित

## कोभिड-१९ सम्बन्धी भक्तपुर जिल्लास्तरीय प्रतिकार्य

# बुलेटिन

मिति २०७७ बैशाख ७ आइतवार
अंक २





## डिसइन्फेक्सन गरेर मात्र भक्तपुरमा सवारी साधन भित्रदै

संकट व्यवस्थापन केन्द्र (CMC) भक्तपुरको मिति २०७७।०१।०३ गतेको निर्णय अनुसार २०७७ वैशाख ०४ गते देखि जिल्ला प्रवेश गर्ने सवारी साधनलाई निसंक्रमण (Disinfection) गर्न सुरु गरिएको छ ।

भक्तपुर भित्रने मुख्य नाकाको रुपमा रहेको साँगामोड र जडिवुटी मनोहरापूल नाकामा सवारी साधनहरुमा किटनाशक औषधि छर्किएर निसंक्रमण (Disinfection) गर्ने काम भइरहेको छ । यसका साथै तथा चालक एवं अन्य व्यक्तिको थर्मलगनबाट तापक्रम नाप्ने गरिएको छ ।

सूर्यविनायक नगरपालिका र मध्यपुर थिमी नगरपालिकाको समन्वय र सहकार्यमा नेपाल रेडक्रस सोसाइटी भक्तपुर मार्फत निसंक्रमणको काम भइरहेको छ । दुइवटै नाकामा रेडक्रस भक्तपुरले स्वयमसेवकहरु परिचालन गरेको छ भने सुरक्षाकर्मीहरुबाट सुरक्षा व्यवस्था मिलाएको छ ।

## नयाँ बर्षको संकल्प
### हात धोएर लागौं कोरोना विरुद्ध

जिल्ला संकट व्यवस्थापन केन्द्र भक्तपुरले नागरिकको स्वास्थ्य प्रति सजग रहँदै कोरोना महामारीबाट बच्न बचाउन सम्भाव्य सवै उपायहरु अपनाउने प्रतिवद्धता व्यक्त गरेको छ ।

जनजिवनलाई सहज वनाउन र संक्रमण प्रतिरोधका कामहरु गर्न अन्यन्तै चाप रहँदा रहँदै बुलेटिनको निरन्तरता हाम्रा लागि निकै चुनौतिपूर्ण रहेको अवस्थामा बुलेटिनको दोश्रो अंक तयार गरिएको छ । कोभिड १९ ले विश्वव्यापी रुपमै जनजीवनमा गम्भिर असर पारिरहेको र हालसम्म कुनै औषधि पत्ता नलागेको अवस्थामा दुरी कायम गर्नु र संक्रमणबाट बच्नु नै एकमात्र उपाय हो ।

नयाँ बर्ष २०७७ को उपलक्ष्यमा हार्दिक शुभकामनाका साथै कोरोना प्रतिरोध लागि जिल्लावासी सवैलाई हात धोएर लागि पर्न जिल्ला संकट व्यवस्थापन केन्द्र हार्दिक अपिल गर्दछ ।








साँगामोड र मनोहरापुलमा सवारीलाई डिसइन्फेक्सन गरिँदै र व्यक्तिको तापक्रम नापिँदै

**२०७६ साल चैत्र महिनामा विदेशबाट आई हाल घरमै सेल्फ क्वारेन्टाइनमा रहनुभएका व्यक्तिहरुको तोकिएको अवधि पूरा भए पश्चात स्वाव संकलन गर्न स्वास्थ्यकर्मी आउने भएकोले सोको लागि आवश्यक सहयोग गर्नुहुन अनुरोध छ।**

# संकट व्यवस्थापन केन्द्र (CMC) को बैठक सम्पन्न

## नगर प्रमुखज्यूहरु समेतको उपस्थितिमा महत्वपूर्ण निर्णय भयो

मिति २०७७।१।३ गते भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलाल लगायत चारवटै नगरपालिकाका मेयरज्यूहरुको उपस्थितिमा CMC भक्तपुरको बैठक सम्पन्न भयो ।

बैठकमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, सुर्यविनायक नगरपालिकाका प्रमुख बासुदेव थापा, मध्यपुर थिमी नगरपालिकाका प्रमुख मदनसुन्दर श्रेष्ठ र चाँगुनारायण नगरपालिकाका प्रमुख सोमप्रसाद मिश्र उपस्थित हुनुहुन्थ्यो ।

यसका साथै जिल्लास्थित नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीबल नेपाल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुखहरु, जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख, भक्तपुर अस्पतालका प्रमुख, जिल्ला समन्वय अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी र रेडक्रस सोसाइटी भक्तपुरका प्रमुखको उपस्थिति रहेको थियो ।

बैठकमा कोभिड १९ को रोकथाम र नियन्त्रणका लागि हालसम्म भएको काम तथा तयारी वारेको अवस्थाको समिक्षा गरियो । प्रतिरोधका लागि हाल सम्मको भएको स्वास्थ्य तयारी सन्तोषजनक रहेको भएता पनि यस महामारीको स्थितिमा थप स्वास्थ्य उपकरण एवं औषधिको व्यवस्थापन एवं तयारी स्थानीय तहहरुले अझ ससक्त रुपमा गर्ने निर्णय भयो।



जिल्ला प्रशासन कार्यालयमा CMC भक्तपुरको बैठक हुँदै ।

### CMC बैठकले गरेमा मूख्य निर्णयहरु

- विस्केट जात्राको बाँकी कार्यक्रमलाई समेत भिडभाड रहित तवरले व्यवस्थापन गर्दै सम्पन्न गराउने ।
- राहत वितरणको कार्य सम्बन्धित वडाहरुबाट एकद्वारबाट प्रणालीबाट मात्र व्यवस्थापन गर्ने ।
- जिल्लाको लागि आवश्यक खाद्यान्न भण्डारणको व्यवस्थापन सुरक्षा निकायले गर्ने र सो का लागि आवश्यक श्रोत साधन स्थानीय तहले समेत उपलब्ध गराउने ।
- Death Body Management गर्नुपर्ने अवस्थामा सुरक्षा निकायले सो को व्यवस्थापन गर्ने ।
- भिड नियन्त्रण र बजार व्यवस्थापन गर्ने सुरक्षा निकायले स्थानीय तह संग समन्वय गरी अझ कडाई गर्ने ।
- मध्यपुर थिमि नगरपालिकाबाट संचालित नेपाल कोरिया मैत्री अस्पतालमा तयार गरिएको PCR मेसिनबाट कोभिड १९ परिक्षण गर्न स्वीकृतिका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखि पठाउने।
- जिल्ला प्रवेश गर्ने सम्पूर्ण सवारी साधनलाई साँगाचोक र मनोहरापूलमा Disinfection गर्ने र आवतजावत गर्ने व्यक्तिको तापक्रम चेक गर्ने । यसका लागि नेपाल रेडक्रस सोसाइटीका साथै मनोहरापूलमा म.थि.न.पा र साँगा चोकमा सु.न.पा.ले सो को व्यवस्थापन गर्ने ।



**सामाजिक दुरी कायम गरौं, कोरोनाबाट सुरक्षित रहौं**

**खाद्यबस्तु, तरकारी आदि खरिद तथा बिक्रीमा संलग्न हुँदा निश्चित दूरी कायम राखी व्यवहार गर्नुहुन सबैमा हार्दिक अनुरोध छ ।**

# अत्यावश्यक सवारीका लागि इ-पास लागू

नेपाल सरकारले जारी गरेको लकडाउनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न र आम जनजीवनलाई सहज बनाउने शिलसिलामा अत्यावश्यक सवारी साधनको लागि सवारी पास उपलब्ध गराउन मिति २०७७।०१।०२ बाट इ-पास लागू गरेको छ ।

गृह मन्त्रालयको च.नं. ५२४ मिति २०७७।०१।०२ गतेको पत्रानुसार सवारी साधनको पास वितरणको कार्यलाई सहज, सरल र सुव्यवस्थित बनाई कार्यसम्पादनमा चुस्तता र प्रभावकारीता ल्याई सामाजिक दुरीसमेत कायम गर्ने उद्देश्यले E-pass उपलब्ध गराउने निर्णय भएको हो ।

अत्यावश्यक रुपमा सवारी अनुमति चाहिएका व्यक्तिले ई-पासका लागि https://epass.moha.gov.np मा गई आवेदन गर्न सकिने छ । यसका साथै मोवाइलको म्यासेज वक्समा गइ कुनै अक्षर लेखी ११११२ मा म्यासेज पठाइ समेत यस लिंक प्राप्त गर्न सकिन्छ । पास दिने नदिने सम्बन्धमा जिल्ला प्रशासन कार्यालयबाट निर्णय भइसकेपछी सो को जानकारी मोवाइलमा प्राप्त हुनेछ । पास जारी भएमा मोवाइलमा कोड नं. प्राप्त हुनेछ त्यो नै सवारी अनुमति पास हुनेछ । यसरी पास आवेदन गर्दा SMS वा डाटा वापत कुनै शुल्क लाग्ने छैन । यसपूर्व जारी ७(सात) दिने सवारी पास (सि.नं. उल्लेख भएको पहेलो रंगको) लकडाउन अवधिभरको लागि मान्य हुने हुँदा त्यस्ता पास प्रयोगकर्ताले नयाँ पास लिईरहनु नपर्ने स्पष्ट पारिएको छ।

जिल्ला प्रशासन कार्यालयले अति आवश्यक सवारी साधनको लागि मात्र पास स्वीकृत गर्ने हुँदा अनावश्यक रुपमा टेलिफोन सम्पर्क र अनलाईन दरखास्त नगरी लकडाउनलाई प्रभावकारी बनाउने कार्यमा सहयोग पुर्याउन अनुरोध गरिएको छ ।

## Epass पास आवेदन गर्ने तरीका

म्यासेज बक्समा गई ११११२ मा SMS गर्ने

SMS मा https://epass.moha.gov.np को लिङ्क प्राप्त हुन्छ

यस लिङ्कमा गई आवश्यक विवरण राखी फारम भरी पठाउने

पास स्वीकृत भएमा एउटा कोड नम्बर सहितको SMS प्राप्त हुन्छ

अस्वीकृत भएमा सो को जानकारी आउछ

पास सम्बन्धी निर्णय हुन समय लाग्न सक्ने

## सुरक्षाकर्मी तथा कर्मचारीले e-pass पास चेक गर्ने तरीका

मोवाइलको म्यासेज बक्समा गई V *code number* राखी ११११२ मा SMS गर्ने

जारी भएको पासको विस्तृत विवरण प्राप्त हुन्छ

प्राप्त विवरण अनुसार सवारी/मानिसको Verify गर्ने

# मास्क र सेनिटाइजर सहयोग प्राप्त

मारवाडी सेवा समिति भक्तपुरले कोरोना विरुद्ध अग्रपंत्तिमा रही काम गरिरहेका जिल्लास्थित जिल्ला प्रशासन कार्यालय र सुरक्षाकर्मीहरुका लागि मास्क, सेनिटाइजर र पन्जा उपलब्ध गराएको छ । मिति २०७६ बैशाख ५ गते प्रमुख जिल्ला अधिकारीलाई सुरक्षा निकायका प्रमुखहरुको उपस्थितिमा उक्त सामाग्री हस्तान्तरण भएको हो ।



प्रहरी र स्यंमसेवक लकडाउनको पालना गराउन संगै खटिदै

## भक्तपुरको बिस्केट जात्रा सम्पन्न

यस बर्ष चैत्र २७ देखि बैशाख ५ गते सम्म परेको भक्तपुरको विस्केट जात्रा भिडभाड रहित र विधि पुऱ्याउनलाई मात्र पूजा गर्दै, देवस्थलबाट देउतालाई बाहिर ननिकाली मनाइएको हो । जिल्ला संकट व्यवस्थापन केन्द्र भक्तपुरले गरेको अनुरोध अनुसार भक्तपुर नगरपालिकाको विशेष सक्रियता र सुरक्षा निकायहरुको सुरक्षा व्यवस्थापन र जनस्तरबाट प्राप्त सहयोगका कारण सौहार्दपूर्ण ढंगवाट विस्केट जात्रा सम्पन्न भएको छ ।

# लकडाउन प्रभावकारी वनाउन स्वयंसेवक परिचालन

नेपाल सरकारले घोषणा गरेको लकडाउनलाई थप प्रभावकारी बनाउन स्थानीय तहसँगको सहकार्यमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल लगायत सुरक्षा निकायको समन्वयमा रहने गरी भिडभाड हुनसक्ने स्थानहरुको पहिचान गरी नगरपालिका, स्थानीय युवा र स्काउटका स्वयंसेवकहरुको परिचालन गरिएको छ ।

परिचालित स्वयंसेवकहरुले लकडाउनको कार्यान्वयन गराउन मद्दत गर्नुका साथै अत्यावश्यक सामग्रीको लागि घर बाहिर निस्किएका मानिसहरुबीच भौतिक दुरी कायम राख्न महत्वपूर्ण सहयोगी भूमिका निर्वाह गरिरहेको पाइएको छ ।

### CMC पदाधिकारीहरुको सम्पर्क नम्वर

| | |
|---|---|
| जि.स.स. प्रमुख नवराज गेलाल | ९८५११९०७२४ |
| प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डे | ९८५१२१७७७७ |
| जि.स.अधिकारी जगन्नाथ लामिछाने | ९८५१२७६२२२ |
| स.प्र.जि.अ. दिलिप प्रसाद लामिछाने | ९८४०१०८५२४ |
| प्रमुख सेनानी शिबप्रसाद पौडेल | ९८५११५९१८८ |
| प्रहरी उपरीक्षक सबिन प्रधान | ९८५१२१५५५५ |
| सशस्त्र प्र. उपरीक्षक विश्व कुमार भट्टराई | ९८५१२७२०३४ |
| उप अ.नि. सुरेन्द्र कोइराला | ९८५११७४५४६ |
| मे.सु. डा. सुमित्रा गौतम | ९८५८०२३०४७ |
| का.प्र. कृष्णबहादुर मिजार | ९८४१८८४४१९ |



सडकमा सवारी साधन चेक गर्दै सुरक्षाकर्मीहरु




अरनिको राजमार्गमा रहेको सुरक्षा चेकप्वाइन्ट

# लकडाउनको अवज्ञामा कडा कारवाही गरिने

मिति २०७६।१२।१० वाट सुरु भएको लकडाउनको अवधि पछिल्लो पटक २०७७ बैशाख १५ गते सम्मका लागि बढाइएको छ । कोरोना भाइरसको प्रकोपको सतर्कताका लागि गरिएको लकडाउनको जिल्लाबासीहरुको उल्लेख्य समर्थन रहेको छ ।

भिड नियन्त्रण र बजार व्यवस्थापन गर्ने सुरक्षा निकायले स्थानीय तह संग समन्वय गरी अझ कडाई गर्ने भनी CMC भक्तपुरबाट निर्णय भए अनुसार मानिसको हिडडुललाई नियन्त्रण गर्न थप सुरक्षाकर्मीहरु परिचालन गरिएको छ। जिल्लामा रहेको अरनिको राजमार्गको साँगा देखि मनोहरापुल खण्डमा सुरक्षाजाँचलाई बाक्लो बनाइएको छ । भित्री सडक तथा वस्तिहरुमा सुरक्षा गस्तिको संख्या बढाइएको छ ।

लकडाउनको अवज्ञा गर्नेलाई होल्ड गरी फिर्ता गर्ने गरिएकोमा अवका दिनमा कारवाहीलाई कडा पार्दै लैजाने तयारी गरिएको छ । कारवाही भएको छ ।



सुनसान दरवारस्क्वार



लकडाउनको पालना र खाद्यवस्तुको आपूर्ती सम्बन्धमा स्थानीयलाई सम्झाउदै सुरक्षाकर्मी

**कोभिड-१९ को रोकथाम, नियन्त्रणसम्बन्धी आवश्यक सूचना CMC मा उपलब्ध गराइदिनहुन सबैमा हार्दिक अनुरोध छ ।**
**daobhaktapur@gmail.com फोन नं ६६१४४३७**

# क्वारेन्टिन, आइसोलेसन, आइसियू र भेन्टिलेटर तयार




खरिपाटी २०८
बोडे ६८
तेलकोट २३

## २९९
जम्मा क्वारेन्टाइन वेड

| अस्पताल | आइसोलेसन | भेन्टिलेटर | आइसियु |
|---|---|---|---|
| काठमाडौ मेडिकल कलेज | 15 | 2 | 10 |
| भक्तपुर अस्पताल | 10 | 2 | |
| डाईवामुरा अस्पताल | 6 | 1 | 3 |
| आरोग्य अस्पताल | 5 | 2 | |
| मध्यपुर ठिमी अस्पताल | 5 | 3 | 10 |
| नेपाल कोरिया अस्पताल | 4 | 4 | 6 |
| नागरिक अस्पताल | 3 | 1 | |
| समिट अस्पताल | 3 | 2 | 6 |
| मानवअंग प्रत्यारोपण केन्द्र | 2 | 2 | 2 |
| सिद्धि मेमोरियल अस्पताल | 1 | 3 | 1 |
| नेपाल नेत्रज्योति अस्पताल | 1 | 1 | |
| जम्मा | 55 | 23 | 38 |

भक्तपुर जिल्लामा कोभिड-१९ को तयारी स्वरुप हालसम्ममा ३ वटा क्वारेन्टिनस्थल तयार गरिएको छ । नेपाल विद्युत प्राधिकरण खरिपाटी, कृषि तालिम केन्द्र बोडे र खानेपानी तालिम केन्द्र तेलकोटमा क्वारेन्टिनस्लमा गरी २९९ बेड, तयार गरिएको हो ।

जिल्लास्थित अस्पतालहरुमा गरी ५५ वटा आइसोलेसन, २३ वटा भेन्टिलेटर र ३८ वटा आइसियु वेड तयार हालतमा राखिएको छ ।



कोरोना विशेष - ४ वटा



साधारण- १८ वटा

## २२
जम्मा एम्बुलेन्स

### जिल्लास्थित सरकारी स्वास्थ्यसंस्थाका सम्पर्क व्यक्तिहरु

| पद नाम थर | कार्यालय | फोन नं |
|---|---|---|
| मे. अ. डा. निसा राई | सूर्यविनायक नगर अस्पताल | ९८४९२३१५१७ |
| ज.स्वा.नि.स्वस्ती आचार्य | कटुन्जे हे.पो. | ९८४११११९७७ |
| ज.स्वा.नि.पुण्य प्र. काफ्ले | वालकोट हे.पो | ९८४१७१५५१३ |
| ज.स्वा.नि.मुकुन्द प्र. चौलागाई | गुण्डु हे.पो. | ९८४४४१२१४३ |
| ज.स्वा.नि.मदन राजथला | सिरुटार हे.पो. | ९८४१३००४५९ |
| सि.अ.हे.ब.राम प्रसाद लम्साल | लोकन्थलि हे.पो. | ९८४१४३०१४३ |
| ज.स्वा.नि.सरोज कूमार राय | ठिमी हे.पो. | ९८४४०५७७२९ |
| ज.स्वा.नि.श्याम कुमार थापा | बालकुमारी हे.पो. | ९८४१४४५५५८ |
| सि.अ.हे.ब.राजन खड्का | सुडाल हे.पो. | ९८६३१९९२४५ |
| हे.अ.बलराम तिमल्सेना | बागेश्वरी हे.पो. | ९८४१३२२६४५ |
| ज.स्वा.नि.लोकेन्द्र बहादुर पौडेल | चागुं प्रा.स्वा.के. | ९८५१०६८९५० |
| सि.अ.हे.ब.बिष्णु थापा | झौखेल हे.पो. | ९८५१०३९४९३ |
| ज.स्वा.नि.हरिनारायण प्रसाद शाह | ताथली हे.पो. | ९८४१३७४४३७ |
| सि.अ.हे.ब.ज्ञानेन्द्र प्रसाद जोशी | दुवाकोट हे.पो. | ९८४९२०८१९० |
| सि.अ.हे.ब.मनोज कुमार मण्डल | नगरकोट हे.पो. | ९८४१६७०३३७ |
| ज.स्वा.नि.दिल कुमार दुवाल | छालिङ्ग हे.पो. | ९८४१३९४०६४ |
| हे.अ.रोजिना थापा | नङ्खेल हे.पो. | ९८४९२४५२२० |
| सि.अ.हे.ब.उमेश धौभडेल | सिपाडोल हे.पो. | ९८४१३९४६५८ |
| हे.अ.राजेन्द्र फैजु | चित्तपोल हे.पो. | ९८४१२९९५१६ |
| सि.अ.हे.ब.तेज कुमार पुन | नगदेश हे.पो. | ९८६६९०८०२८ |
| ज.स्वा.नि.धन ब. बिष्ट | बोडे हे.पो. | ९८६८७७७०३० |
| हे.अ.मीरा कुमारी सिंह | श.स्वा. के. झौखेल | ९८६०९४३००८ |
| हे.अ.कुमार के.सि. | श.स्वा. के. झाप्रा | ९८५११२९५९० |
| हे.अ.सुदिप आचार्य | श.स्वा. के. ताथगाल | ९८४३२४१५७१ |
| हे.अ.उत्सब सापकोटा | श.स्वा.के.घ्याम्पेडांडा | ९८६०१०८०६१ |
| हे.अ.कमल अछामी | श.स्वा.के. कांक्राबारी | ९८६११३८७८२ |
| अ.न.मि.जमुना काफ्रले | श.स्वा.के. च्यामासिङ | ९८४१६३७६४७ |
| स्टाफ नर्स रचना सुवाल | श.स्वा.के. च्यामासिङ | ९८४११३११४४ |
| स्टाफ नर्स शुसिला प्रजापती | श.स्वा. के. निकोसेरा | ९८४१५३१४३३ |
| हे.अ.अम्बिका प्रजापती | श.स्वा. के. बोडे | ९८४९२०९७११ |
| हे.अ.कमल केशरी राजचल | श.स्वा. के. ब्यासी | ९८४१६९२९५२ |

## कोरोना विशेष Modified एम्बुलेन्स

कोभिड-१९ संक्रमित बिरामीलाई सुरक्षित तवरले अस्पताल लैजान जिल्लास्थित ५ वटा एम्बुलेन्सलाई बिशेषरुपमा Modify गरी तयार गरिएको छ । यी एम्बुलेन्सका चालकहरुलाई आवश्यक स्वास्थ्य अभिमुखीकरण दिइनुका साथै स्वास्थ्य सुरक्षा सामग्रीहरु (पिपिइ, मास्क, पन्जा, Disinfection Kit) उपलब्ध गराइएको छ ।

| चालक | फोन नं. | एम्बुलेन्सको धनी |
|---|---|---|
| पुण्य खत्री र राजन बासुकला | 9851082799 | भक्तपुर नगरपालिका |
| बुद्ध कृष्ण बाग | 9841257048 | मध्यपुर ठिमी नगरपालिका |
| केशवराज थापा | 9841395199 | सुर्यविनायक नगरपालिका |
| शिवहरी अधिकारी | ९८५१२१४८०९ | चाँगुनारायण नगरपालिका |
| अरुन सैजु | ९८५१०७११३९ | भक्तपुर अस्पताल |

## साधारण एम्बुलेन्स

### भक्तपुर नगरपालिका क्षेत्र

| चालक | फोन नं. | एम्बुलेन्सको धनी |
|---|---|---|
| मिलन पुरी | 9849857332 | नेपाल रेडक्रस सोसाईटी भक्तपुर |
| केशवराज थापामगर | 9841257892 | जिल्ला समन्वय समिति |
| भिमसेन गेलाल | 9860171552 | भक्तपुर क्यान्सर अस्पताल |
| लक्ष्मण श्रेष्ठ | 9860025333 | डाईवामुरा अस्पताल |
| रकि दुवाल रमेश कुस्मा | 9851018177 | मानव अंग प्रत्यारोपण केन्द्र |
| कृष्ण राम कोजु | 9840256350 | भक्तपुर अस्पताल |

### मध्यपुर थिमी नगरपालिका क्षेत्र

| चालक | फोन नं. | एम्बुलेन्सको धनी |
|---|---|---|
| कृष्ण चन्द्र श्रेष्ठ | 9841257048 | नेपाल कोरिया मैत्री अस्पताल |
| नविन परियार र सानुकाजी श्रेष्ठ | 9851133613 | मध्यपुर अस्पताल |
| दिपक घजु | 9851133797 | नागरिक सामुदायिक अस्पताल |

### सुर्यविनायक नगरपालिका क्षेत्र

| चालक | फोन नं. | एम्बुलेन्सको धनी |
|---|---|---|
| लक्ष्मी भक्त ह्याङ्गजु | 9843559090 | नेपाल रेडक्रस सोसाइटी ननिलन्चोक |
| भिमबहादुर खत्री | 9843633744 | सुडाल ब्रह्मायणी विकाश केन्द्र |
| राकेश राजथला | 9741323296 | अखण्ड सेवा समिति |
| श्रीकृष्ण खड्का | 9841477794 | ग्रामिण विकाश पुर्वाधार केन्द्र |

### चाँगुनारायण नगरपालिका क्षेत्र

| चालक | फोन नं. | एम्बुलेन्सको धनी |
|---|---|---|
| विवेक लामिछाने | 9841233600 | नेपाल रेडक्रस नगरकोट |
| दिपक थापा | 9741233815 | नेपाल रेडक्रस ताथली शाखा |
| उत्सव के.सी. | 9849424813 | चाँगुनारायण प्रा स्वा केन्द्र |
| प्रकाश गजुरेल | 9841466550 | काठमाडौं क्यान्सर सेन्टर |
| लक्ष्मण भुड्ड | 9860335944 | हरिणाम संक्रिटन सेवा समिति |

जिल्लाका महत्वपूर्ण व्यक्तिहरु, अस्पताल तथा एम्बुलेन्सहरुको सम्पर्क नम्बर daobhaktapur.moha.gov.np तथा कार्यालयको फेसबुकबाट प्राप्त गर्न सकिन्छ ।

# भक्तपुर अस्पतालमा कोरोनाको द्रुत परीक्षण सेवा

हब अस्पतालमा रहेको भक्तपुर अस्पतालमा कोभिड-१९ को द्रत परिक्षण सामग्री (Rapid Diagnostic Kit) प्राप्त भए संगै यसबाट परीक्षण सुरु गरिएको छ ।

मिति २०७६ चैत्र ३० बाट यस परीक्षण सुरुवात गरिएको हो । चैत्र महिनाभर नेपाल प्रवेश गरी हाल सेल्फ क्वारेन्टिनमा रहेका व्यक्ति लगायत अन्य शंकास्पद विरामीको यस RDT विधिवाट परीक्षण भइरहेको छ । यस किटको प्रयोगबाट कोरोना भाइरसको संक्रमण भए नभएको वारेमा शिघ्र परीक्षण भई संक्रमणको तथ्य जानकारी हुन्छ ।

लकडाउनको अवधिमा पनि भक्तपुर अस्पतालमा आकस्मिक सेवालगायत एपेण्डेसाइटस, प्रसुति र घाउचोट सम्बन्धी बिरामीहरुको उपचार भइरहेको छ । अस्पतालमा दैनिक ३० जनाको हाराहारीमा बिरामीहरु स्वास्थ्य जाँचका लागि आउने गरेका छन् ।

## भारत लगायत तेस्रो मुलुकबाट आएकोको परीक्षण हुँदै

मिति २०७६ सालको चैत्र महिनामा भारत लगायत तेस्रो मुलुकबाट नेपाल प्रवेश गरी हाल भक्तपुरमा रहेका व्यक्तिहरुको परीक्षण भइरहेको छ । त्यस्ता व्यक्तिहरुको लगत लिई घरमै क्वारेन्टिनमा बस्न अनुरोध गर्नुका साथै निगरानीमा समेत राखिएको ३५५ जना रहेको छ । सेल्फ क्वारेन्टिनमा वसेको अवधि पूरा भएकालाई २६५ जनाको भक्तपुर अस्पतालमा परिक्षण भएकोमा छ । २८ जनाको रिपोर्ट बाँकी र ६२ जनाको परीक्षण बाँकी रहेको छ । हालसम्म सवै परिक्षणको COVID-19 NEGATIVE पाइएको छ भने बाँकीको समेत अवधिका आधारमा परीक्षण गर्ने कार्य भइरहेको छ । विदेशबाट आएका कोही व्यक्तिको लगतमा छुट भएको भए वा जरो लगायत कुनै लक्षण देखिएको भए तुरुन्त सम्बन्धित स्थानीय तह, नजिकैको स्वास्थ्यसंस्था वा CMC मा जानकारी गराउनहुन समेत अनुरोध छ ।

# भक्तपुर अस्पतालमा कोरोना वार्ड थप हुने




भक्तपुर अस्पतालको निर्माणाधिन अस्थायी भवनको रोकिएको काम पुनः सुचारु गरी उक्त भवनमा कोभिड १९ को विरामीलाई राख्ने गरी वार्ड, आइसियु, एनआइसियु निर्माण कार्य तिव्ररुपमा अगि वढाइएको छ । यस कार्य सम्पन्न भएपश्चात भक्तपुर अस्पतालमा कोभिड १९ का लागि सुविधासम्पन्न छुट्टै विशेष उपचारस्थल तयार हुनेछ ।

# शंकास्पद विरामीहरुको कोभिड परीक्षण

भक्तपुर अस्पतालमा संचालित फिभर क्लिनिकमा उपचार गराउन आएका बिरामीहरु मध्ये कोरोनाको लक्षणसंग मिल्दोजुल्दो लक्षण भएका बिरामीहरुको भक्तपुर अस्पतालद्वारा Polymerase Chain Reaction (PCR) र Rapid Diagnostic Test (RDT) परिक्षण गर्ने कार्य भइरहेको छ । हालसम्म भक्तपुर अस्पतालबाट ४०० वटा परिक्षण भएको छ । जसमध्ये १७६ PCR र २२४ RDT प्रविधिबाट गरिएको हो । हालसम्म कसैको रिपोर्ट कोरोना पोजेटिभ भेटिएको छैन ।

**चैत महिनामा नेपाल आएकाको परीक्षण संख्या**




# नेपाल कोरीया मैत्री अस्पतालमा कोरोना परीक्षण हुने

मध्यपुर थिमी नगरपालिकावाट संचालित नेपाल कोरीया मैत्री अस्पतालमा कोभिड १९ को परिक्षणका लागि PCR मेशिन लगायत पूर्वाधार तयार भएको छ । यससंगै भक्तपुर जिल्लामा नै कोरोना भाइरसको परिक्षण हुन सक्ने भएको छ । पूर्वाधार तयारी भएको हुँदा जिल्ला संकट व्यवस्थापन समितिको मिति २०७७।१।३ गते को निर्णयानुसार कोरोना परीक्षणको स्वीकृति दिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिश गरिएको छ । हाल यस अस्पतालबाट परीक्षण हुँदै आएको भएतापनि सो को अन्तिम परीक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाउनुपर्ने अवस्था रहेको छ ।

**रुघा खोकी र फ्लू जस्तो लक्षण देखिएमा तुरुन्त स्वास्थ्यकर्मीको परामर्श लिऔं ।**

# खाद्यान्न भण्डारणमा सहयोग प्राप्त हुँदै

भक्तपुर जिल्लाका लागि आवश्यक पर्ने विभिन्न प्रकारका खाद्यान्नहरु संकलन गर्ने उद्देश्यले स्थापना गरिएको खाद्यान्न भण्डारमा संकलन सुरु गरिएको छ । मिति २०७६ बैशाख ४ गते कोकाकोला कम्पनीको तर्फबाट उपलब्ध गराइएको पानी र कोक प्रमुख जिल्ला अधिकारीलाई हस्तान्तरण भयो । यस खाद्यान्न भण्डारणमा स्थानीय तहहरुले खाद्यान्न उपलब्ध गराउने प्रतिवद्धता सवै नगरप्रमुखज्यूहरुले व्यक्त गरि सक्नु भएको छ ।

खाद्यान्न भण्डारणमा पहिलो चरणमा दशहजार जनाको लागि खाना, खाना प्याकिङको सम्पूर्ण सामग्री, पानी र आवश्यक सरसफाइको सामान स्टोर गरिने छ । उक्त सामग्रीहरु भक्तपुरस्थित ४ वटै नगरपालिकाले उपलब्ध गराउने छन् । प्रकोप वढ्दै खाद्यान्नको अभाव हुनसक्ने अवस्थामा कोभिड १९ का विरामी, आइसोलेसन र क्वारेन्टिनमा राखिएका व्यक्ति, स्वास्थ्यकर्मी तथा अग्रपंक्तिमा रही कामगर्नुपर्ने सुरक्षाकर्मी, कर्मचारी र सहयोगीका लागि प्याकिङको खाना उपलब्ध गराइने योजना रहेको छ ।

राधेराधेस्थित अग्लो भवनमा रहेको खाद्यान्न भण्डारको व्यवस्थापन सुरक्षा निकायले गर्दै आएको छ ।



राधेराधेस्थित भवन खाद्यान्न भण्डारणका लागि तयार गर्दै

## ठूला खाद्यस्टोरहरु खोलिँदै, किनमेलमा स्वास्थ्य सतर्कता अपनाइएको

दैनिक उपभोग्य खाद्यान्न वस्तुहरुमात्र विक्री गर्ने गरी भक्तपुरको राधेराधेस्थित भाटभटेनी सुपरमार्केट खोलिएको छ । कोभिड १९ को सतर्कता अपनाउन यस स्टोरमा १ पटकमा १० जनालाई प्रवेश दिने र प्रत्येकलाई खरिदका लागि २० मिनेट समय दिने गरी व्यवस्थापन गरिएको छ । उपभोक्ताले आपसमा ३ मिटर दुरी कायम गर्ने तथा प्रवेश गर्नु अगि स्यानिटाइजरको प्रयोग गर्ने व्यवस्था समेत मिलाइएको छ । यसै गरी अन्य ठुला खाद्यान्न स्टोरहरुमा समेत क्रमश व्यवस्थापन गर्दै जाने CMC भक्तपुरको योजना रहेको छ ।

बजार क्षेत्रको अवस्था, आपूर्ती ब्यवस्था सम्बन्धमा सुरक्षा निकाय सम्मिलित टोलीबाट निरन्तररुपमा अनुगमन भइरहेको छ ।

## अलपत्र व्यक्तिलाई राख्न विश्रामस्थल व्यवस्था गरिँदै



ब्याडमिन्टन हलमा विश्रामस्थल तयार गर्दै

हालको अवस्थामा सडकमा अलपत्र परेका मानिसहरुलाई उद्दार गरी राख्नु पर्ने परिस्थितिलाई मध्यनजर गरी सो को व्यवस्था गर्न थालिएको छ ।

सिपाडोलस्थित भक्तपुर स्पोर्टस एण्ड लिजरको ब्याडमिन्टन हलमा हाल १५० जना सम्मलाई विश्राम गर्न मिल्ने तथा राती बासबास्न समेत हुने गरी कम्बल सहितको सुत्ने व्यवस्था मिलाइएको छ । यसस्थलमा पानी र शौचालयको समेत प्रबन्ध मिलाइएको छ

## अलपत्र मजदुरको व्यवस्थापन

कमेरेटारस्थित खाली जग्गामा टेन्टमा वसेका जाजरकोट ठेगाना भएका ६५ जना मजदुरहरुलाई लकडाउनको अवधिमा सृजित असहज परिस्थितिमा बस्ने खाने व्यवस्थाका लागि पहल गरिएको छ। प्रमुख जिल्ला अधिकारी लगायतको टोलीले मजदुरहरुको व्यवस्थाका लागि सम्बन्धित नगरपालिका तथा रेडक्रसलाई अनुरोध गरे अनुसार हाल व्यवस्था भएको छ।



कमेरेटारमा रहेका मजदुरहरुको समस्याका वारेमा जानकारी लिँदै प्रजिअ लगायत टोली

## राहत वितरणमा एकद्वार

भक्तपुरस्थित नगरपालिकाहरुले आफ्ना विभिन्न वडाहरुमा बस्दै आएका विपन्न एवं दैनिक ज्यालादारी मजदुरी गर्ने घर परिवारलाई राहत वितरणको काम भइरहेको छ। सम्बन्धित वडाहरुबाट एकद्वार प्रणालीबाट राहत वितरण नगरी आफुखुशी राहत वितरण गर्न खोज्ने चार वटा समूहलाई राहत वितरण गर्न रोक लगाइएको छ।

बिपन्न तथा गरीव एवं खाद्य सामग्रीको अभाव रहेका व्यक्तिहरुको पहिचान गरी त्यस्ता व्यक्तिहरुलाई घरदैलोमा गई साथै वडा कार्यालयहरुबाट यसरी राहत वितरण भइरहेको छ। कसैले राहत सामग्री उपलब्ध गराउन चाहेमा सम्बन्धित वडामा सम्पर्क राखी बुझाउन सकिनेछ।

## सडकमा अलपत्र व्यक्तिहरुलाई भोजन

विभिन्न जिल्लाबाट भक्तपुर हुँदै उपत्यका बाहिर जान लागेका व्यक्तिहरुको रेकर्ड राख्ने र स्थानीय संघसस्थाको सहयोगमा खाना पानी वितरण गर्ने र गन्तव्य सम्म पुग्नका लागि सहयोग गर्ने काम गरिएको छ। यसका साथै वाटोमा अलपत्र परेका व्यक्तिहरुलाई रातमा आराम गर्नका लागि विश्रामस्थल बनाइएको छ।

यसका साथै विभिन्न कारणले सडकमा अलपत्र परेका, पाटीमा कष्टकर जीवन विताइरहेका र खान नपाएकाहरुको पहिचान गरी त्यस्ता व्यक्तिहरुलाई सावुन पानीले हात धुने व्यवस्था मिलाई भोजन गराउन थालिएको छ।


हाल भक्तपुरको ठिमी, पाण्डुबजार, जगाती र च्यामासिंह लगायतका स्थानहरुमा Voluntary रुपमा खानपिन व्यवस्थापन गरिरहेको मानव सेवा आश्रम, मानव कल्याण समाज, सिपाडोल क्षेत्र परोपकार समाज, योयो पार्टि प्यालेस, वाइटहाउस पार्टि प्यालेस, बर्गर हाउस लगायत विभिन्न संघसंस्थाहरुको कार्यमा सुरक्षाकर्मीबाट आवश्यक सहयोग भइरहेको छ।







अलपत्र परेका व्यक्तिहरुको विवरण संकलन गरी गन्तव्य सम्म पुर्याउन सहयोग गर्दै




## सडकमा अलपत्र व्यक्तिहरुलाई खानाको व्यवस्था हुँदै








## अन्य केही तस्वीरहरु









**प्रकाशक**

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय भक्तपुर

**संकट व्यवस्थापन केन्द्र भक्तपुर**

**Crisis Management Center (CMC) Bhaktapur**

ईमेलः daobhaktapur@gmail.com फोन नं ६६१७४३७

CMC का पदाधिकारीहरुलाई मोवाइलबाट समेत सम्पर्क गर्न सकिन्छ ।

facebook/daobhaktapur

यो कोड स्क्यान गरी हाम्रो फेसबुक पेज हेर्न सक्नुहुन्छ

पेज लाइक गरी नियमित रुपमा नोटिफिकेशन प्राप्त गर्न सकिन्छ ।

www.daobhaktapur.moha.gov.np भित्र CMC मेनु

*Crisis Management Center (CMC) भक्तपुर सचिवालयद्वारा तयार गरिएको, Focal Person* **रविन्द्र गौतम Viber 9840177327**